# पैयूँ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ७** | **संख्याः २** | **मितिः २०८१/०६/१५**


**भाग-२**

# अपाङ्गता भएका नागरिकको स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

पैयूँ गाउँपालिका क्षेत्र भित्र रहेका समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मूख्य चुनौतीको रुपमा रहेको अपाङ्गता भएका नागरिकहरुको स्वास्थ्य सेवा उपभोगमा आर्थिक अवरोध हटाई गुणस्तरीय स्वास्थ्य सेवाको समता मुलक पहुँच अभिबृद्धिका लागि स्वास्थ्य बीमा गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी पैयूँ गाउँपालिकाले गाउँकार्यपालिकाको मिति २०८१।०६।१५ गतेको निर्णय बमोजिम "अपाङ्गता भएका नागरिकको स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१"पारित गरी लागु गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "अपाङ्गता भएका नागरिकहरुको लागि स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि पैयूँ गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले पैयूँ गाउँपालिका सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले पैयूँ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले पैयूँ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "वडा अध्यक्ष" भन्नाले पैयूँ गाउँपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्छ।

(ङ)  “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पैयूँ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च)  “अपाङ्गता” भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

**३.उद्देश्यः**

(क) अपाङ्गता भएका व्यक्ति लगाए परिवारका पाँच जना सदस्य सम्म निःशुल्क स्वास्थ्य बीमाको सुनिश्चितता भएको हुने,

(ख) व्यक्ति एवं निजका परिवारका सदस्यहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउने,

(ग) आत्मसम्मानमा वृद्धि तथा सहज स्वास्थ्य उपचार पाउने अधिकारको सुनिश्चित गर्ने

परिच्छेद २

स्वास्थ्य बीमाको लागि लक्षित वर्ग र बीमा प्रकृया

**४.स्वास्थ्य बीमाको लागि लक्षित वर्गः** (१) गाउँपालिका द्वारा उपलब्ध गराउने अपाङ्गता भएका नागरिकहरुलाई उपलब्ध गराउने स्वास्थ्य बीमाको लक्षित वर्ग देहाय वमोजिम हुनेछ

१.पैयूँ गाउँपालिका भित्र स्थायी बसोवास भएका नेपाली नागरिक,

२.पैयूँ गाउँपालिका द्वारा प्रदान गरिएको ख,ग वा घ वर्गको अपाङ्गता परिचयपत्र प्राप्त नागरिक,

३.साविकको परिचय पत्र भएमा गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा पेश गरी गाउँपालिकाबाट परिचय पत्र लिएको हुनुपर्ने,

४.नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बाट कुनै किसिमको दोहोरो सुविधा प्राप्त नगरेको ख, ग र घ वर्ग मध्येका नागरिक।

५. नाबालकको हकमा निज स्वास्थ्य बीमामा आवद्ध हुने गरी आमा वा बुबाको नामाबाट स्वास्थ्य बीमा गरिने छ।

**५.स्वास्थ्य बीमाको लागि लाभग्राही क्षेत्रः** (१) स्वास्थ्य बीमाको लागि लाभग्राही क्षेत्र भन्नाले पैयूँ गाउँपालिकाको भु-भागभित्र स्थायी वसोवास गर्ने ख, ग र घ वर्गको अपाङ्गता परिचय पत्र भएका परिवारको नागरिक लाई जनाउँदछ । भु-भागभित्र स्थायी वसोवास भएको भन्नाले पैयूँ गाउँपालिका भित्र स्थायी वसोवास भएका तर अस्थायी रुपमा अन्यत्र वसोवास गरेका नागरिक समेतलाई जनाउँदछ ।

**६.स्वास्थ्य बीमा गर्ने प्रक्रियाः** (१) ख, ग वा घ वर्गको अपाङ्गता परिचयपत्र प्राप्त नागरिकहरुलाई स्वास्थ्य बीमाको लागि वडाहरुमा निवेदन दिन पैयूँ गाउँपालिकाबाट स्थानीय सञ्चार माध्यम प्रयोग गरी प्रचार प्रसार गर्ने।

(२) दफा ३ र ४ बमोजिमका अपाङगता भएका नागरिकहरुले आफ्नो परिवारको कम्तिमा पाँच जना सम्म परिवारका सदस्यको आवस्यक कागजात सहित वडा कार्यालयमा स्वास्थ्य बीमाको प्रकृयाको लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम प्राप्त निवेदनहरु आधारमा वडा कार्यालयले बीमा अभिकर्ता सँग सम्पर्क गरी स्वास्थ्य बीमाको प्रकृया अगाडि वढाउन सम्वन्धित नामावली र वडाको सिफारिस सहित गाउँपालिकाको महिला तथा बालबालिका शाखामा पठाउने छ।

(४) उपदफा ३ अनुसारको नामावली छानविन गरी महिला तथा बालबालिका शाखाले अपाङ्गता भएका व्यक्तिहरुको बीमा अभिकर्ता मार्फत स्वास्थ्य बीमा गराउने छ ।

(५) उपदफा ४ अनुसार स्वास्थ्य बीमा गरिएको विल र लाभग्राहिहरुको नामा नामेसी सहितको फाइल कार्यालय प्रमुखको स्वीकृत पश्चात आर्थिक प्रशासन शाखाबाट बीमा अभिकर्ताले बीमा शुल्क भुक्तानी पाउने छ ।

**७. बीमा खारेजः** (१) दफा (५) बमोजिम स्वास्थ्य बीमा गरिएका लाभग्राहिहरुको परिच्छेद ३ को अधिनमा नरहेको व्यक्ति ठहर भएमा, वसाईसरी गएमा वा मृत्यु भएमा त्यस्तो व्यक्तिको स्वास्थ्य बीमा सम्वन्धित वडा कार्यालय तथा पैयूँ गाउँपालिकाको कार्यालयले जुनसुकै वखत खारेज गर्ने छ।

(२) नेपाल सरकार दोधारा स्वास्थ्य बीमा कार्यक्रम खारेज गरेमा यस कार्यविधि बमोजिम गरिएको जुन सुकै स्वास्थ्य बीमा स्वतः खारेज हुनेछ।

**८. स्वास्थ्य बीमा अभिकर्ताको काम, कर्तव्य र अधिकारः** (१) पैयूँ गाउँपालिका भित्रको विभिन्न वडामा रहेका स्वास्थ्य बीमा अभिकर्ताहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

१.आफ्नो वडा भित्र रहेका वा स्वास्थ्य बीमा गर्न चाहने जुन सुकै वडाका नागरिकहरुको स्वास्थ्य बीमा गर्नु,

२.आफनो वडा भित्र रहेका वा स्वास्थ्य बीमा गरेका नागरिक हरुको बीमा नवीकरण गर्नु,

३.आफ्नो वडा भित्रका ख, ग र घ वर्गको अपाङ्गता परिचयपत्र प्राप्त नागरिकहरुको वडाको सिफारिस अनुसार स्वास्थ्य बीमा गर्नु,

४.स्वास्थ्य बीमा गरिएका आफ्नो वडा भित्रका ख,ग र घ वर्गको अपाङ्गता परिचयपत्र प्राप्त विपन्न नागरिकहरुको सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा बीमा नविकरण गर्नु।

**९. बीमाको लागि आवश्यक कागजातहरुः** (१) वडा कार्यालयले सम्बन्धित वडा कार्यालयको स्वास्थ्य बीमा अभिकर्ता समक्ष बीमा गर्नको लागि सिफारिस गर्दा देहाय बमोजिमको कागजात संलग्न राखि सिफारिस गर्नु पर्नेछ

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र आमा वा बुबाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

२.स्थानीय सरकार द्वारा प्रदान गरिएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी,

३.नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बाट कुनै 'किसिमको दोहोरो सुविधा प्राप्त नगरेको व्यहोरा खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस,

४.स्वास्थ्य बीमा गरिपाऊँ भन्ने सम्बन्धमा लाभग्राहीको निवेदन,

५.हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति

**१०. स्वास्थ्य बीमा नविकरणः** (१) पैयूँ गाउँपालिका दोधारा गरिएको ख, ग र घ वर्गको अपाङ्गता परिचयपत्र प्राप्त नागरिकहरुको स्वास्थ्य बीमा नवीकरण गर्न देहायका कागजात संलग्न राखी वडा कार्यालयमा निवेदन दिनु पर्नेछः

१.स्वास्थ्य बीमा कार्डको प्रतिलिपी,

२.नागरिकता प्रमाणपत्रको प्रतिलिपी

३.नाबालक हकमा जन्म दर्ताको प्रतिलिपि

४.अपाङ्गता परिचय पत्रको प्रतिलिपी

(२) दफा (१) अनुसार स्वास्थ्य बीमा नवीकरणका लागि प्राप्त नामावली र वडा कार्यालयको सिफारिस सहित स्वास्थ्य बीमा नवीकरण लागि गाउँपालिको महिला बालबालिका शाखाको समन्वयमा स्वास्थ्य बीमा अभिकर्ताहरुले निवेदन र नविकरण गरेको निस्सा सहित गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट स्वास्थ्य बीमा नविकरण शुल्क भुक्तानी लिन सक्नेछ ।

## परिच्छेद-३

## विविध

**११. अभिलेख राख्नु पर्नेः** (१) पैयूँ गाउँपालिका भित्र एक आर्थिक बर्ष भित्र भएको ख, ग र घ वर्गको अपाङ्गता परिचयपत्र प्राप्त विपन्न नागरिकहरुको स्वास्थ्य बीमा गरिएको तथा बीमा नविकरण गरिएको सम्बन्धि अभिलेख यस गाउँपालिकाको महिला तथा वालवालिका शाखाले राख्नु पर्नेछ।

(२) स्वास्थ्य बीमा तथा बीमा नविकरण सम्बन्धि दफा ९ बमोजिमको अभिलेख आर्थिक वर्षको अन्तमा गाउँ कार्यपालिका मार्फत अनुमोदन गराउनु पर्नेछ ।

**१३. विशेष व्यवस्थाः** परिचय पत्र वहाक ग र घ वर्गका मध्यम प्रकृतिका अपाङ्ग व्यक्तिले सरकारी / अर्ध सरकारी एवं शिक्षण संस्थामा कार्यरत रहि मासिक पारिश्रमिक / पेन्सन सुविधा प्राप्त गरि रहेकाको हकमा यो सुविधा उपलब्ध गराइने छैन।

**१४. संसोधन र व्याख्याः** यस कार्यविधिमा अस्पष्टता आएमा संशोधन र अन्तिम व्याख्या गाउँको अधिकार गाउँपालिकाको हुनेछ।

**१५. प्रचलित कानुन बमोजिम हुनेः** यो कार्यविधिमा व्यवस्था भएका कुराहरु यसै कार्यविधि अनुसार हुनेछन,कार्यविधिमा नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ

आज्ञाले,
जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत